# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ सङ्ख्याः ३३ मितिः २०७६/०७/२१

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२
को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको
गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि
सर्वसाधारणको जानकारीको लागि प्रकाशन
गरिएको छ ।

**संवत् २०७६ सालको कार्यविधि नं. १**

# शिक्षक अनुदान तथा व्यवस्थापकीय खर्च सञ्चालन कार्यविधि, २०७६

**प्रमाणित मितिः २०७६/०६/१०**

**प्रस्तावना :**

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐनअनुसार सामुदायिक विद्यालय तथा बालविकासको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तरगत पि.सि.एफ. शिक्षक अनुदान तथा व्यवस्थापकीय अनुगमन तथा कामकाज गर्न वाञ्छनीय भएकोले गौमुखी गाउँकार्यपालिकाले शिक्षक अनुदान तथा व्यवस्थापकीय खर्च सञ्चालन कार्यविधि २०७६ बनाइ लागू गरेको छ ।

## परिच्छेदः एक
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम गौमुखी गाउँपालिका सामुदायिक विद्यालय तथा बालविकासको शैक्षिक सुधार कार्यक्रम अन्तरगत **शिक्षक अनुदान तथा व्यवस्थापकीय खर्च सञ्चालन कार्यविधि कार्यविधि २०७६** रहेको छ । यो कार्यविधि आर्थिक वर्ष २०७६/)&& sf] nflu dfq nfu" x'g]5 .

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ “विद्यालय” भन्नाले गौमुखी गाउँपालिकाभित्र रहेका कक्षा ०–१२ सम्म सञ्चालन गरिएका शैक्षिक संस्थाहरूलाइ सम्झनु पर्दछ ।

२.२ “ गाउँपालिका” भन्नाले गौमुखी गाउँपालिका भन्ने सम्झनु पर्दछ ।

२.३ “ पि.सि.एफ अनुदान” भन्नाले प्रति विद्यार्थी अनुदान तथा अनुदान शिक्षक सम्झनु पर्दछ ।

## परिच्छेदः दुई
## मापदण्ड एवम् शर्तहरू

३. शर्तहरू : यस कार्यविधिमा निम्नबमोजिम शर्तहरू लागू हुनेछन् ।

३.१ १ जना शिक्षक बराबर ४५ जना विद्यार्थीलाई आधार मानिएको छ ।

३.२ कक्षा ०–१२ सञ्चालन भएको विद्यालयमा न्यूनतम् १४ जना शिक्षक पुऱ्याउने शर्तमा शिक्षक अनुदान कोटा थप गरिने छ ।

३.३ कक्षा ०–१० सञ्चालन भएको तर शिक्षक विद्यार्थी अनुपातमा विद्यार्थी सङ्ख्या बढी भएमा नि.मा.वि. तहको शिक्षक अनुदान कोटा थप गरिनेछ । साथै कक्षा ०–१० सञ्चालन भएको विद्यालयमा न्यूनतम् १० जना शिक्षक पुऱ्याउने शर्तमा शिक्षक अनुदान कोटा थप गरिनेछ ।

३.४ कक्षा १–८ सञ्चालन भएको विद्यालयमा न्यूनतम् ६ जना शिक्षक पुऱ्याउने शर्तमा शिक्षक अनुदान कोटा थप गरिनेछ ।

३.५ कक्षा ०–५ सञ्चालन भएको विद्यालयमा न्यूनतम् ३ जना शिक्षक पुऱ्याउने शर्तमा शिक्षक अनुदान कोटा थप गरिनेछ। साथै कक्षा ०–५ सञ्चालन भएको तर शिक्षक विद्यार्थी अनुपातमा ४५ जना भन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयमा सोहीबमोजिम अनुदान शिक्षक कोटा थप गरिनेछ।

३.६ कक्षा ०–३ सञ्चालन भएको विद्यालयमा न्युनतम् २ जना शिक्षक पुऱ्याउने शर्तमा शिक्षक अनुदान कोटा थप गरिनेछ। कक्षा ०–३ सम्म अनुमति पाएका तर २५ जना भन्दा बढी विद्यार्थी सङ्ख्या भएको विद्यालयमा न्यूनतम् २ जना शिक्षक पुऱ्याउने शर्तमा शिक्षक अनुदान कोटा थप गरिनेछ। साथै कक्षा ०–३ सम्म अनुमति पाएका तर २५ जना सम्म विद्यार्थी सङ्ख्या भएको विद्यालयमा १ जना शिक्षक अनुदान दिइनेछ।

३.७ बालविकास कक्षा सञ्चालन अनुमति पाएका विद्यालयहरूमा १ जना बालविकास अनुदान शिक्षक दिइनेछ।

३.८ तहगत रूपमा न्यूनतम शैक्षिक योग्यता भएको शिक्षक हुनु पर्नेछ। आधारभूत तहमा कम्तिमा दश जोड दुइ वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ। मा वि तहमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

३.९ ०-२ सम्म अनुमती पाएका तर २० जना भन्दा कम विद्यार्थी सङ्ख्या भएमा विद्यालयमा थप प्रोत्साहन अनुदान मासिक रु ८०००/- दिइनेछ।

## माध्यमिक विद्यालयतर्फ विद्यालय सङ्ख्या :५

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शि.वि. अनुपात | बढि विद्यार्थी सङ्ख्या | अनुदान शिक्षक सङ्ख्या | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गौमुखी मा.वि. | १–१२ | ६३५ | १३ | १३X४५=५८५ | ५० | १ | २३६०० | ३०६८०० | |
| २ | भृकुटी मा.वि. | १–१० | ४६९ | १२+१ | १३X४५=५८५ | –११६ | | | | |
| ३ | अमृतजीवन मा.वि. | १–१० | ४२३ | ९ | ९X४५=४०५ | १८ | १ | १७७०० | २३०१०० | |
| ४ | अर्खा मा.वि. | १–१० | ७८६ | ८+१ | ९X४५=४०५ | ३८१ | १ | १७७०० | २३०१०० | |
| ५ | महेन्द्र मा.वि. | १–१० | ३८१ | ८ | ८X४५=३६० | २१ | १ | १७७०० | २३०१०० | |
| ६ | खरा मा.वि. | १–१० | ३८९ | ८+१ | ९X४५=४०५ | -१६ | १ | १७७०० | २३०१०० | |
| | जम्मा | | | | | | | | १२२७२०० | |

## आधारभूत तह कक्षा १–८ सञ्चालन भएका विद्यालयहरू ७ वटा

| क्र.सं . | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शि.वि. अनुपात | बढि विद्यार्थी सङ्ख्या | अनुदान शिक्षक सङ्ख्या | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | जनसहयोगी आ.वि. | १–८ | २०७ | ६ | ६×४५=२७० | –६३ | १ | १४४०० | १८७२०० | |
| ८ | ज्ञानोदय. आ.वि. | १–८ | ३३४ | ६ | ६×४५=२७० | ६४ | २ | १४४०० | ३७४४०० | |
| ९ | ने.रा.आ.वि.नेटा | १–८ | २०० | ४ | ४×४५=१८० | २० | २ | १४४०० | ३७४४०० | |
| १० | जनज्योती आ.वि. | १–८ | २२६ | ४ | ४×४५=१८० | ४६ | २ | १४४०० | ३७४४०० | |
| ११ | बालजीवन सुधार आ.वि | १–७ | १६० | ४ | ४×४५=१८० | –२० | २ | १४४०० | ३७४४०० | |
| १२ | ने.रा.आ.वि. बुक्तिचौर | १–७ | १६७ | ४ | ४×४५=१८० | –१३ | २ | १४४०० | ३७४४०० | |
| १३ | बालसुधार आ.वि. | १–८ | २६५ | ४ | ४×४५=१८० | ८५ | २ | १४४०० | ३७४४०० | |
| | अर्खा मा.वि. | १–१० | | | | | १ | १४४०० | १८७२०० | |
| | जम्मा | | | | | | | | २८०८००० | |

## एक(१) शिक्षक दरबन्दी भएका कक्षा (१–५)सञ्चालन २ अनुदान थप

| क्र.सं . | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शि.वि. अनुपात | बढि विद्यार्थी सङ्ख्या | अनुदान शिक्षक सङ्ख्या | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | शिशुकल्याण प्रा.वि. गौमुखी ४ | १-५ | ८८ | १ | १×४५=४५ | ४३ | २ | १२००० | ३१२००० | |
| १५ | ललिगुँरास प्रा.वि. गौमुखी | १-५ | १५० | १ | १×४५=४५ | १०५ | २ | १२००० | ३१२००० | |
| १६ | बेसिवन बालज्योति प्रा.वि. | १-४ | १६२ | १ | १×४५=४५ | ११७ | २ | १२००० | ३१२००० | |
| | जम्मा | | | | | | ६ | | ९३६००० | |

## दरबन्दी कम भएका कक्षा (१–५) सञ्चालन भएका विद्यालयहरू

| क्र.सं | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शि.वि. अनुपात | बढी विद्यार्थी | अनुदान शिक्षक सङ्ख्या | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शिशु प्रा.वि. | १-५ | १३६ | २ | २×४५=९० | ४६ | १ | १२००० | १५६००० | |
| १८ | पूर्ण प्रा.वि. | १-५ | ८७ | २ | २×४५=९० | –३ | १ | १२००० | १५६००० | |
| १९ | लोकतान्त्रिक | १-५ | ६९ | २ | २×४५=९० | –२१ | १ | १२००० | १५६००० | |
| २० | बालज्योती | १-५ | ७० | २ | १×४५=४५ | –२० | १ | १२००० | १५६००० | |
| २१ | जनचेतना | १-३ | ५९ | १ | १×४५=४५ | १४ | १ | १२००० | १५६००० | |
| २२ | जनजीवन आ.वि. | १-६ | १७१ | ३ | ३×४५=१३५ | ३६ | १ | १२००० | १५६००० | |
| | जम्मा | | | | | | | | ९३६००० | |

## ३ वा ३ भन्दा बढि शिक्षक दरबन्दी भएका कक्षा १–५ सञ्चालन गरेका शिक्षक विद्यार्थी अनुपातमा विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरू सङ्ख्या

| क्र.सं | विद्यालयको नाम | सचालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शि.वि. अनुपात | बढी विद्यार्थी | अनुदान शिक्षक सङ्ख्या | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | सरस्वती प्रा.वि. | १-५ | ४६ | ३ | ३×४५=१३५ | –८९ | | | | |
| २४ | बालसधार प्रा.वि. | १-५ | १२३ | ३ | ३×४५=१३५ | –१२ | | | | |
| २५ | जनप्रीय प्रा.वि. | १-५ | १६१ | ३ | ३×४५=१३५ | –७४ | | | | |
| २६ | जनता प्रा.वि. | १-५ | ५१ | ३ | ३×४५=१३५ | –८४ | | | | |
| २७ | भानु प्रा.वि. | १-५ | ८५ | ३ | ३×४५=१३५ | –५० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | भुमेकाथान प्रा.वि. | १-५ | १५६ | ४ | ४×४५=१८० | –२४ | | | | |
| २९ | दोशाध प्रा.वि. | १-५ | ९० | ४ | ४×४५=१८० | –९० | | | | |
| ३० | ने.रा.प्रा.वि.जाडागाउँ | १-५ | ५२ | ३ | ३×४५=१३५ | –८३ | | | | |
| ३१ | शिशु प्रा.वि. गौडेचौर | १-५ | ७९ | ३ | ३×४५=१३५ | –५६ | | | | |
| ३२ | दिपेन्द्र प्रा.वि. | १-५ | १२९ | ३ | ३×४५=१३५ | –६ | | | | |
| ३३ | जीवनसुधार प्रा.वि. | १-५ | १४६ | ३ | ३×४५=१३५ | ११ | | | | |
| ३४ | देउराली सुन्दर प्रा.वि. | १-५ | १४१ | ३ | ३×४५=१३५ | ६ | | | | |
| ३५ | गौमुखी प्रा.वि. | १-५ | १८२ | ३ | ३×४५=१३५ | ४७ | १ | १२००० | १५६००० | |
| ३६ | बालकल्याण प्रा.वि. | १-३ | २६ | २ | २×४५=९० | –६४ | | | | |
| ३७ | महेन्द्र प्रा.वि. | १-५ | ४२८ | ४ | ४×४५=१८० | २४८ | २ | १२००० | ३१२००० | |
| | | | | | | | | | ४६८००० | |

## गत आ.व.मा शिक्षण सिकाइ अनुदान पाएका तथा अनुमति मात्र पाएका विद्यालयहरू

| क.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थीसङ्ख्या | अनुदान शिक्षक सङ्ख्या | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३८ | बाइसमुल प्रा.वि. | १–३ | २७ | २ | १२००० | ३१२००० | |
| ३९ | जनकल्याण प्रा.वि. | १–३ | ३७ | २ | १२००० | ३१२००० | |
| ४० | तिखाचुली प्रा.वि. | १–३ | ४८ | २ | १२००० | ३१२००० | |
| | जम्मा | | | ६ | | ९३६००० | |

## अनुमति मात्र पाएका विद्यालयहरू ३ वटा (१ देखि ३ सम्म)

| क.सं. | विद्यालयको नाम | संचालित | विद्यार्थीसङ्ख्या | अनुदान | मासिक | वार्षिक १३ | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा | | शिक्षक सङ्ख्या | | महिनाको एकमुष्ट | |
| ४१ | सयपत्री प्रा.वि. | १–२ | ४८ | १ | १२००० | १५६००० | |
| ४२ | बसन्त प्रा.वि. | १–३ | २५ | १ | १२००० | १५६००० | |
| ४३ | रातामाटा प्रा.वि. | १–२ | ३६ | १ | १२००० | १५६००० | |
| | जम्मा | | | | | ४६८००० | |

## अनुमति मात्र पाएका विद्यालयहरू २ वटा (१ देखि २ सम्म)

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थीसङ्ख्या | अनुदान शिक्षक सङ्ख्या | माशिक प्रोत्साहन अनुदान | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४२ | गृह प्रा.वि. | १–२ | १८ | १ | ८००० | १०४००० | |
| ४५ | लालीगुराँस प्रा.वि. | १ | १६ | १ | ८००० | १०४००० | |
| | जम्मा | | | | | २०८००० | |

## बालविकास अनुमति पाएका विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | मासिक | वार्षिक १३ महिनाको एकमुष्ट | कैफियत |
|---|---|---|---|---|
| १ | खरा मा.वि.गौमुखी ३ | ६००० | ७८००० | |
| २ | बालसुधार प्रा.वि.गौमुखी १ | ६००० | ७८००० | |
| ३ | रातामाटा प्रा.वि. गौमुखी १ | ६००० | ७८००० | |
| ४ | जनजीवन प्रा.वि. गौमुखी ४ | ६००० | ७८००० | |
| ५ | बालज्योति प्रा.वि गौमुखी ४ | ६००० | ७८००० | |
| ६ | बालकल्याण प्रा.वि. गौमुखी ६ | ६००० | ७८००० | |

| | जम्मा | | ४६८००० | |
|---|---|---|---|---|

# परिच्छेदः तीन
# विविध

४ **अनुदान शिक्षक नियुक्तीः** अनुदान प्राप्त शिक्षकहरूको नियुक्ती देहायबमोजिम हुनेछ ।

४.१ २०७६ साल असार मसान्तसम्म विद्यालयले समान तहको योग्यता पुगेका निजी शिक्षक नियुक्ति दिएको भएमा गाउँपालिका अनुदान करार शिक्षकमा २०७७ साल असार मसान्तसम्म अविच्छिन्न रुपमा करार नियुक्तिको लागि अनुमति दिने ।

४.२ वि. स. २०७६ असार मसान्तसम्म समान तहको योग्यता नपुगेका शिक्षकहरूलाई निजी श्रोतमा नियुक्ति दिएको पाइएमा वा खाली भएको पाइएमा विज्ञापनद्वारा पदपूर्तिका लागि गाउँपालिकामा विज्ञापन प्रकृयाको माग गरी पदपूर्ति गर्ने । यसरी विज्ञापन मार्फत नियुक्त हुने अनुदान शिक्षकहरूको तलब नियुक्त हुने मितिबाट लागू हुनेछ ।

४.३ विज्ञापनको अनुमति माग गर्दा शिक्षा नियमावलीअुनसार गर्नुपर्नेछ ।

५. कार्यक्रमः देहायबमोजिमको कार्यक्रमहरूमा थप रकम खर्च गरिनेछ ।

- विद्यालय अनुगमन : १,००,०००।-
- अतिरिक्त क्रियाकलाप : मा.वि.,नि.मा.वि.र प्रा.वि. ६०,०००।-
- पुरस्कार : कक्षा ५, ८ र एस.इ.इ.को अन्तिम परीक्षामा प्रथम द्वितीय र तृतीयलाइ पुरस्कार ४०,०००।-
- सञ्चार : ६,०००।-

अन्य व्यवस्था गाउँ शिक्षा समितिको सिफारिशमा गाउँ कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत